नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

## नेपाल बैंक लिमिटेडको मिति २०७८ पौष २ गते शुक्रबारका दिन सम्पन्न भएको ६२ औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

नेपाल बैंक लिमिटेडको ६२ औं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री सुमनराज अर्यालज्यूको सभापतित्वमा मिति २०७८ पौष २ गते शुक्रबार तदानुसार १७ डिसेम्बर २०२१ का दिन प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट र भर्चुअल (Zoom) मार्फत बिहान ११:०० बजे शुरु भई दिनको २:३० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण निम्नानुसार प्रकाशित गरिएको छ ।

### १. सभाको सूचना जारी :

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको मिति २०७८ मंसिर ९ गते बिहीबार बसेको अठारौं बैठकले बैंकको ६२ औं वार्षिक साधारण सभा मिति २०७८ पौष २ गते शुक्रबार बिहान ११:०० बजे बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि ६२ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०७८ मंसिर १० गतेको "गोरखापत्र" दैनिक, मिति २०७८ मंसिर १२ गतेको "आर्थिक अभियान" दैनिक लगायत बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको ।

भर्चुअल (Zoom) माध्यमबाट शेयरधनी महानुभावहरुको अधिकतम सहभागिता होस् भन्ने उद्देश्यले बैंकले आफ्नो वेभसाइटमा समेत साधारण सभामा सहभागिता सम्बन्धी अलग्गै पोर्टल निर्माण गरी सभामा सहभागी हुन चाहने शेयरधनी महानुभावहरुको विवरण रजिष्टर्ड गर्ने व्यवस्था गरिएको । साथै, सभामा सहभागी हुन चाहनु हुने शेयरधनी महानुभावको इमेल/मोबाइल नम्बरमा समेत Webinar ID र Passcode समेत पठाई सहभागी हुने व्यवस्था मिलाइएको ।

### २. छलफलका विषयहरु :

#### क. सामान्य प्रस्तावहरु :

१. आ.व. २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१२,६३,६७,५८,६२४/- को ३ (तीन) प्रतिशतका दरले हुन आउने रु.३७,९१,०२,७५८/७२ (अक्षेरुपी सैंतिस करोड एकानब्बे लाख

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय

दुई हजार सात सय अन्ठावन्न रुपैंया र बहत्तर पैसा मात्र) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१२,६३,६७,५८,६२४/- को १४ (चौध) प्रतिशतका दरले हुन आउने रु.१,७६,९१,४६,२०७/३६ (अक्षेरुपी एक अर्ब छयहत्तर करोड एकानब्बे लाख छयालिस हजार दुई सय सात रुपैंया र छत्तिस पैसा मात्र) रकम बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१४,४०,५९,०४,८३१/३० (अक्षेरुपी चौध अर्ब चालिस करोड उनन्साठी लाख चार हजार आठ सय एकतिस रुपैंया र तीस पैसा मात्र) कायम गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने ।

२. बैंकको प्रवन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

## ३. उपस्थिति :

### ३.१ सञ्चालकहरु :

| | | |
|---|---|---|
| १. | श्री सुमनराज अर्याल | अध्यक्ष |
| २. | श्री दीपेन्द्र विक्रम थापा | स्वतन्त्र सञ्चालक |
| ३. | श्री रितेश कुमार शाक्य | सञ्चालक |
| ४. | डा. सावित्री रञ्जित श्रेष्ठ | सञ्चालक |
| ५. | श्री विवेक शम्शेर ज.ब.रा. | सञ्चालक |
| ६. | श्री विष्णुकुमार अग्रवाल | सञ्चालक |
| ७. | श्री ओमकृष्ण श्रेष्ठ | सञ्चालक |

### ३.२ पदाधिकारीहरु :

| | | |
|---|---|---|
| १. | श्री कृष्णबहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री समता पन्त | नायब प्रमुख कार्यकारी अधिकृत |

### ३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :

| | | |
|---|---|---|
| १. | श्री धर्मबहादुर ओली क्षेत्री | लेखा अधिकृत, महालेखा नियन्त्रक कार्यालय (प्रतिनिधि, शेयरधनी नेपाल सरकार) |

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय

## ४. गणपूरक संख्या तथा शेयरधनीहरुको उपस्थिति :

| विवरण | कुल संख्या | जम्मा उपस्थित | | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|
| | | स्वयम् उपस्थिति | भर्चुअल (Zoom) | |
| शेयरधनीको संख्या | ९९,८५० | ११६ | ८४ | ५१।३२ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १२,६३,६७,५८६.२४ | ६,४६,२३,४८३ | २,२८,९१५ | |

## ५. सभाको वैधानिकता र सभापतित्व :

कम्पनी सचिव श्री केशव प्रसाद भण्डारीले सभा स्थलमा स्वयम् उपस्थित र भर्चुअल (ZOOM) मार्फत सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा स्वागत अभिवादन तथा उच्च सम्मान व्यक्त गर्नुभयो । उहाँले कोभिड-१९ महामारीको जोखिम कायम नै रहेकोले शेयरधनी महानुभावहरुलाई भर्चुअल माध्यमबाट सभामा सहभागी हुन तथा आफ्नो सुझाव राख्न अनुरोध गरिए अनुरुप साधारण सभाको प्रसारण ZOOM प्रविधिबाट समेत गर्ने व्यवस्था मिलाइएको जानकारी गराउनुभयो ।

त्यस्तै, कम्पनी सचिवले बैंकको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार साधारण सभाको लागि गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप शेयरधनीको उपस्थितिले आजको सभाको गणपूरक संख्या पुगेको जानकारी सभा समक्ष गराउनुभयो ।

कम्पनी सचिवले सभालाई विधिवत् रुपमा अगाडि बढाउने क्रममा साधारण सभाको सभापतित्व गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष श्री सुमनराज अर्यालज्यूलाई अनुरोध गर्नुभयो । साथै, कम्पनी सचिवले बैंक सञ्चालक समितिका सदस्यहरु, बैंकका पदाधिकारीहरु, प्रतिनिधि तथा पर्यवेक्षकहरु, बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केका प्रमुख कार्यकारी अधिकृत र बाह्य लेखापरीक्षकहरुलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्न र सभामा सक्रिय सहभागी हुनका लागि अनुरोध गर्नुभयो ।

आसन ग्रहण र राष्ट्रिय गानको कार्यक्रम पश्चात् पानसमा बत्ती बालेर ६२ औं वार्षिक साधारण सभाको समुदघाट्न बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री सुमनराज अर्यालज्यूले गर्नुभयो ।

तत् पश्चात कम्पनी सचिवले सभामा छलफल हुने सामान्य तथा विशेष प्रस्तावहरुको जानकारी सभा समक्ष गराउनु भयो र सञ्चालक समितिको तर्फबाट ६२ औं वार्षिक साधारण सभामा अध्यक्षको मन्तव्य तथा सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय

## ६. प्रतिवेदनको प्रस्तुति :

सभाका सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री सुमनराज अर्यालज्यूले सहभागी शेयरधनी महानुभावहरु, प्रतिनिधि, पर्यवेक्षक तथा पत्रकारहरु, बैंकको शेयर रजिष्ट्रारका प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरीक्षकहरु, नियमनकारी निकायका प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत अभिवादन व्यक्त गर्दै अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको तर्फबाट ६२ औं वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, ६२ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्तावहरु आवश्यक छलफल गरी पारित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई अनुरोध समेत गर्नुभयो ।

## ७. छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरु :

६२ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्ताव तथा विषयहरु उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरुको नामावली :

सभा स्थलमा स्वयम् उपस्थित भई छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरु :

१. उद्धव प्रसाद घिमिरे

२. कृष्णप्रसाद अधिकारी

३. भक्तिप्रसाद उप्रेती

४. ब्रह्मदेव शाक्य

५. धर्मबहादुर ओली क्षेत्री - शेयरधनी नेपाल सरकारको तर्फबाट

भर्चुअल (ZOOM) मार्फत छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरु :

१. रामगोपाल महर्जन

२. शिवप्रसाद पौडेल

३. अमृत नाथ रेग्मी

४. शत्रुघन श्रेष्ठ

५. डमरु बल्लभ घिमिरे

६. चन्द्रनारायण श्रेष्ठ

८. लवराज जोशी

लिखित सुझाव पेश गर्नुहुने शेयरधनी महानुभावहरु :

१. नरसिंह लाल चखूँ

## ८. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका जिज्ञासा एवम् सुझावको सारांश :

कम्पनी ऐन बमोजिम तोकिएको अवधीभित्र साधारण सभा हुन गइरहेकोमा धन्यवाद दिँदै प्रतिस्पर्धात्मक लाभांशका लागि छलफलका कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले धन्यवाद दिनुभयो । साथै, आगामी दिनमा बैंकले अझै राम्रो गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय

त्यस्तै, शेयरधनी महानुभावहरुले ६२ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै निम्न बमोजिमका जिज्ञासा एवम् सुझाव व्यक्त गर्नुभयो ।

- बैंकले वितरण गरेको नगद लाभांश चाँडो वितरण गर्न तथा बोनस शेयर यथासक्य सूचीकरण गर्न सुझाव ।
- Fraction Share लाई पूर्ण अंकमा रुपान्तरण गर्ने उपायहरुको खोजी गर्न सुझाव ।
- बैंकको पूँजीलाई समयानुकूल वृद्धि गर्दै लैजान सुझाव ।
- Risk Based Pricing Policy को उचित कार्यान्वयन तथा सहवित्तीयकरण कर्जामा विशेष ध्यान दिई लगानी गर्न सुझाव ।
- बैंकको Off-Balance Sheet & FCY Transactions मा वृद्धि गर्दै लैजान जोड ।
- खुद ब्याज आम्दानी अभिवृद्धि गर्ने उपायहरुको अवलम्बन गर्न जोड ।
- कर्मचारीहरुलाई समसामयिक तालिम दिँदै प्रति कर्मचारी व्यापार वृद्धि गर्न सुझाव ।
- बैंकको स्थिर सम्पत्तिको अधिकतम उपयोग गर्ने दिशामा अघि बढ्न सुझाव ।
- आवश्यकता अनुसार बैंकका शाखाहरुको स्थानान्तरण गर्दै व्यापार व्यवसाय अभिवृद्धि गर्न जोड ।
- मर्चेन्ट बैंकिङ्ग गर्ने सहायक कम्पनी स्थापना गर्नेतर्फ ध्यान दिन जोड ।
- ऐतिहासिक बैंक भएकोले बैंकको इतिहाससँग सम्बन्धित विवरणहरु वर्षिक प्रतिवेदनमा समेट्न सुझाव ।

**९. शेयरधनीहरुको जिज्ञासा एवम् सुझाव उपर प्रतिउत्तर :**

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षले छलफल कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले बैंकको उन्नति, प्रगति र दिगो विकासका लागि दिनुभएका विभिन्न अमूल्य सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

बैंकले प्रदान गरेको नगद लाभांश साधारण सभा सम्पन्न भए पश्चात् नै वितरण गर्न शुरु गरिने तथा बोनस शेयर यथासक्य सूचीकरण गरिने विश्वास दिलाउनु भयो । त्यस्तै, आगामी दिनमा Risk Based Pricing Policy को कार्यान्वयन गर्दै लगिने तथा सहवित्तीयकरण कर्जामा विशेष ध्यान दिई बैंकले लगानी गरिरहेको जानकारी गराउनुभयो ।

त्यस्तै, बैंकको पूँजीलाई समयानुकूल वृद्धि गर्दै लगिने, बैंकले Off-Balance Sheet, FCY Transactions र खुद ब्याज आम्दानी अभिवृद्धि गर्दै लैजाने उपायहरुको निरन्तर अवलम्बन गरिरहेको जानकारी सभा समक्ष दिनुभयो । बैंकको स्थिर सम्पत्तिको अधिकतम उपयोग गर्ने दिशामा अघि बढिरहेको र कर्मचारीहरुलाई विभिन्न क्षमता विकास अभिवृद्धि सम्बन्धी कार्यक्रममा निरन्तर सहभागी गराउँदै गइरहेको जानकारी समेत सभा समक्ष गराउनुभयो ।

साथै, शेयरधनी महानुभावहरुले राख्नुभएका अन्य सुझाव तथा सल्लाहहरु क्रमश: कार्यान्वयन गर्दै लैजाने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय

## १०. प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता :

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षको अनुमतिले बोल्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले शेयरधनी महानुभावहरुले विगतमा बैंकप्रति राख्नु भएको विश्वास, दिनुभएका सल्लाह तथा सुझावका साथै सञ्चालक समितिको निर्देशन बैंक व्यवस्थापनले निरन्तर कार्यान्वयन गर्दै लगिरहेको जानकारी गराउनुभयो । साथै, आगामी दिनमा समेत बैंकमा उपलब्ध मानव साधन, वित्तीय साधन, भौतिक साधन र सूचना प्रविधिको आदर्शतम प्रयोग गर्दै बैंक सम्बद्ध शेयरधनी महानुभावहरुको आकांक्षाको परिपूर्ति गर्न बैंक व्यवस्थापन प्रतिबद्ध रहेको विचार साधारण सभा समक्ष व्यक्त गर्नुभयो ।

## ११. सभाको निर्णय :

सामान्य प्रस्ताव तर्फ :

१. आ.व. २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१२,६३,६७,५८,६२४/- को ३ (तीन) प्रतिशतका दरले हुन आउने रु.३७,९१,०२,७५८/७२ (अक्षेरुपी सैंतिस करोड एकानब्बे लाख दुई हजार सात सय अन्ठावन्न रुपैंया र बहत्तर पैसा मात्र) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लागि चार्टर्ड एकाउण्टेन्ट त्रय श्री नरेन्द्र भट्टराई, श्री जगन्नाथ उपाध्याय र श्री सुनिर कुमार ढुंगेललाई लेखापरीक्षक नियुक्त गर्ने र प्रत्येकलाई रु.६,८७,५००/- (भ्याट बाहेक) का दरले पारिश्रमिक भुक्तानी दिने प्रस्ताव सर्वसम्मत स्वीकृत भयो ।

विशेष प्रस्ताव तर्फ :

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१२,६३,६७,५८,६२४/- को १४ (चौध) प्रतिशतका दरले हुन आउने रु.१,७६,९१,४६,२०७/३६ (अक्षेरुपी एक अर्ब छयहत्तर करोड एकानब्बे लाख छयालिस हजार दुई सय सात रुपैंया र छत्तिस पैसा मात्र) रकम बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१४,४०,५९,०४,८३१/३० (अक्षेरुपी चौध अर्ब चालिस करोड उनन्साठी लाख चार हजार आठ सय एकतिस रुपैंया र तीस पैसा मात्र) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय

२. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

## प्रबन्धपत्रको दफा ५ (कक), ६ (ख), (ग), (घ) तथा १५ (२) मा संशोधन

<table>
<tr><th>क्र. सं.</th><th>सम्बन्धित विषय</th><th>साविकको व्यवस्था</th><th>प्रस्तावित संशोधन</th></tr>
<tr><td>१.</td><td>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु</td><td>५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :<br>(कक) नभएको</td><td>५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :<br>(कक)सम्बन्धित निकायबाट अनुमती लिई संस्थागत रुपमा बीमा अभिकर्ताको कार्य गर्ने</td></tr>
<tr><td>२.</td><td>बैंकको पूँजीको संरचना</td><td>६. बैंकको पूँजीको संरचना :<br>(ख) बैंकको जारी पूँजी रु.१२,६३,६७,५८,६२४/- (अक्षरेपी बाह्र अर्ब त्रिसट्ठी करोड सतसट्ठी लाख अन्ठावन्न हजार छ सय चौविस रुपैंया) हुनेछ ।<br>(ग) बैंकको चुक्ता पूँजी रु.१२,६३,६७,५८,६२४/- (अक्षरेपी बाह्र अर्ब त्रिसट्ठी करोड सतसट्ठी लाख अन्ठावन्न हजार छ सय चौविस रुपैंया) हुनेछ ।<br>(घ) बैंकले चुक्ता पूँजीको ६,१९,२०,११७.२८ थान शेयर सर्वसाधारणको लागि छुट्टयाएको छ ।</td><td>६. बैंकको पूँजीको संरचना :<br>(ख)बैंकको जारी पूँजी रु.१४,४०,५९,०४,८३१/३० (अक्षरेपी चौध अर्ब चालिस करोड उनन्साठी लाख चार हजार आठ सय एकतिस रुपैंया र तीस पैसा) हुनेछ ।<br>(ग)बैंकको जारी पूँजी रु.१४,४०,५९,०४,८३१/३० (अक्षरेपी चौध अर्ब चालिस करोड उनन्साठी लाख चार हजार आठ सय एकतिस रुपैंया र तीस पैसा) हुनेछ ।<br>(घ)बैंकले चुक्ता पूँजीको ७,०५,८८,९३३.६७३३ थान शेयर सर्वसाधारणको लागि छुट्टयाएको छ ।</td></tr>
<tr><td>३.</td><td>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</td><td>१५.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ ।
<table>
<tr><th>संस्थापक को नाम, ठेगाना र सहीछाप</th><th>बाबु को नाम</th><th>बाजे को नाम</th><th>लिनकबुल गरेको शेयर संख्या</th><th>साक्षी को नाम, थर, ठेगाना र सही छाप</th></tr>
<tr><td>द. १.नामः नेपाल सरकार</td><td>-</td><td>-</td><td>६,४४,४७,४६८.९६ साधारण शेयर ५१ प्रतिशत</td><td></td></tr>
</table></td><td>१५.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ ।
<table>
<tr><th>संस्थापक को नाम, ठेगाना र सहीछाप</th><th>बाबु को नाम</th><th>बाजे को नाम</th><th>लिनकबुल गरेको शेयर संख्या</th><th>साक्षी को नाम, थर, ठेगाना र सही छाप</th></tr>
<tr><td>द. १.नामः नेपाल सरकार</td><td>-</td><td>-</td><td>७,३४,७०,११४.६३९६ साधारण शेयर ५१ प्रतिशत</td><td></td></tr>
</table></td></tr>
</table>

| | |
|---|---|
| द. २.सर्व साधारण शेयरधनी | - | - | ६,१९,२०,११७.२८ साधारण शेयर ४९ प्रतिशत | |
| जम्मा | | | १२,६३,६७,५८६.२४ साधारण शेयर | |

| | | | | |
|---|---|---|---|---|
| द. २.सर्व साधारण शेयरधनी | - | - | ७,०५,८८,९३३.६७३ ३ साधारण शेयर ४९ प्रतिशत | |
| जम्मा | | | १४,४०,५९,०४८.३ १३ साधारण शेयर | |

## नियमावलीको नियम ५२ (२) मा संशोधन

| क्र. सं. | सम्बन्धित विषय | साविकको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|---|---|
| १. | संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या : | **५२.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :**<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनी साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ । | **५२.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :**<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनी साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ । |

साविकको व्यवस्था:

| संस्थापक को नाम, ठेगाना र सही छाप | बाबु को नाम | बाजे को नाम | लिनकबुल गरेको शेयर संख्या | साक्षी को नाम, थर, ठेगाना र सही छाप |
|---|---|---|---|---|
| द. १.नामः नेपाल सरकार | - | - | ६,४४,४७,४६८.९६ साधारण शेयर ५१ प्रतिशत | |
| द. २.सवै साधारण शेयरधनी | - | - | ६,१९,२०,११७.२८ साधारण शेयर ४९ प्रतिशत | |
| जम्मा | | | १२,६३,६७,५८६.२४ साधारण शेयर | |

प्रस्तावित संशोधन:

| संस्थापक को नाम, ठेगाना र सहीछाप | बाबु को नाम | बाजे को नाम | लिनकबुल गरेको शेयर संख्या | साक्षी को नाम, थर, ठेगाना र सही छाप |
|---|---|---|---|---|
| द. १.नामः नेपाल सरकार | - | - | ७,३४,७०,११४.६३९६ साधारण शेयर ५१ प्रतिशत | |
| द. २.सर्व साधारण शेयरधनी | - | - | ७,०५,८८,९३३.६७३३ साधारण शेयर ४९ प्रतिशत | |
| जम्मा | | | १४,४०,५९,०४८.३१३ साधारण शेयर | |

साधारण सभामा पेश भएका उपर्युक्त प्रस्तावहरु साधारण सभाबाट सर्वसम्मतिले पारित भए । तत् पश्चात सभाका सभापतिले सभामा सहभागी भई साधारण सभालाई सफल पार्न सहयोग गर्नुहुने शेयरधनी तथा सहभागी सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अन्त्यमा, सभाका सभापतिले बैंकप्रति विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय,

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय

नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडियस एण्ड क्लियरिङ्ग  लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, बैंकका सम्पूर्ण कर्मचारीहरु तथा बैंकसँग प्रत्यक्ष वा परोक्ष रुपमा हित गाँसिएका संघ संस्था तथा सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभाको समापन गर्नुभयो । -

( सुमनराज अर्याल )
अध्यक्ष

( केशव प्रसाद भण्डारी )
सचिव

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सञ्चालक समितिको सचिवालय